# नागरिक लगानी कोष

**कोषको वित्तीय अवस्था (अपरिष्कृत)**

**२०८२ पौष मसान्तसम्म**

**कोषको स्रोत (Source of Fund)** | **कोषको उपयोग (Applications of Fund)** | रु. हजारमा

| विवरण | २०८२।८३ पौष मसान्त | २०८१।८२ पौष मसान्त | विवरण | २०८२।८३ पौष मसान्त | २०८१।८२ पौष मसान्त |
|---|---|---|---|---|---|
| शेयर पुंजी | ६,८०५,७९८ | ६,४८१,७१२ | खूद स्थिर सम्पत्ति | २,२१८,५६३ | २,३०२,८७४ |
| | | | | | |
| *खुद कोष मौज्दात* | *२९४,६५३,३९७* | *२६४,३५९,७९८* | लगानी | २९८,६७८,४६३ | २६४,७७७,५३८ |
| | | | | | |
| *कुल अवकाश कोष मौज्दात* | *२७९,८२३,४४९* | *२५१,४९७,६६२* | | | |
| *क.ब.बृ. अबकास कोष* | *२०३,६०८,०६४* | *१७९,१३०,९३५* | *नेपाल सरकारको ऋणपत्र* | *१३,१२७,६४५* | *५००,०००* |
| *नागरिक एकांक योजना* | *२,१३८,८३०* | *१,९८१,६६८* | *मुद्धति निक्षेप* | *१४५,४०५,५०९* | *१३८,१५५,९४९* |
| *उपदान कोष योजना* | *५४,५९२,५५५* | *५०,६५१,३३०* | *समयकालिन कर्जा* | *२६,३१६,७५५* | *२५,८०१,६८६* |
| *लगानीकर्ता हिसाब* | *११,१०३,९६१* | *१०,४९४,४४५* | *सहायक कम्पनीमा लगानी* | *२,७२४,६७५* | *२,७२४,६७५* |
| *राष्ट्र सेवक कर्मचारीको बीमा कोष* | *७,७३१,८८५* | *८,७८६,०५८* | *सहभागी सापटी तथा आवास कर्जा* | *६५,२३९,१७१* | *५४,९४७,०२१* |
| *नार्क बीमा कोष* | *१६१,३०७* | *१५४,१२२* | ट्रेजरी विल | १४,१७९,३९६ | ११,७५०,३१७ |
| *नागरिक पेन्सन योजना* | *४८६,८४७* | *२९९,१०४* | *संगठित संस्थाको शेयर/धितोपत्र* | *३१,६८५,३१३* | *३०,८९७,८९०* |
| *बीमाकोष दायित्व* | *२,५४८,१८७* | *२,८७५,९८३* | | | |
| | | | | | |
| *जगेडा कोष* | *१२,२८१,७६१* | *९,९८६,१५३* | *उचित मुल्य समायोजीत सम्पत्ति* | *६,६३५,६२६* | *९,०२८,८९३* |
| *केन्द्रीय हिसाब* | *२,८८५,७९०* | *२,७९८,७८१* | | | |
| *अन्य कोष र योजना* | *९,३९५,९७१* | *७,१८७,३७२* | | | |
| | | | | | |
| *उचित मुल्य कोष* | *६,६३५,६२६* | *९,०२८,८९३* | | | |
| पुन:मुल्याकंन कोष | *३३२,०६०* | *३३२,०६०* | | | |
| | | | | | |
| *चालु दायित्व तथा व्यवस्था* | *११,०७७,५४७* | *६,२५३,३०९* | *बैंक मौज्दात* | ५,२६२,२७४ | ३,०२८,७४३ |
| | | | *चालू सम्पती* | ६,७०९,५०२ | ७,३१७,७२२ |
| *जम्मा :* | ३१९,५०४,४२९ | २८६,४५५,७७२ | *जम्मा :* | ३१९,५०४,४२९ | २८६,४५५,७७२ |

*माथि उल्लेखित विवरणका अंकहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्ने छ ।*

# नागरिक लगानी कोष

**केन्द्रीय हिसाब**

**२०८२ श्रावण १ देखि २०८२ पौष मसान्त सम्मको**
**अपरिष्कृत आय/व्यय हिसाब**

रु. हजारमा

| बिबरण | २०८२।८३ पौष मसान्त | २०८१।८२ पौष मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | १७३,६४० | १९३,३७१ |
| सेवा शुल्क तथा कमिशन आम्दानी | ८३९,४८८ | ८१०,१९६ |
| बिबिध आम्दानी | ५६,२२० | ३५,९६८ |
| **कूल आम्दानी** | **१,०६९,३४८** | **१,०३९,५३५** |
| ब्यवस्थापन खर्च | १४२,५३४ | १३८,३१७ |
| खर्च व्यवस्था | ३९,२९७ | ७०,३३५ |
| **कूल खर्च** | **१८१,८३०** | **२०८,६५२** |
| कर अगाडीको खुद नाफा | ८८७,५१७ | ८३०,८८३ |
| आय कर ब्यवस्था | २२२,१९३ | २०८,५९७ |
| **खूद नाफा** | **६६५,३२४** | **६२२,२८६** |

**Particulars**

**Financial Ratios & Other Information:**

| ***Overall*** | **As on Poush 2082** | **As on Poush 2081** |
|---|---|---|
| Return on Investment (ROI) | **4.49%** | **6.65%** |
| Fund to Investment ratio | **99.81%** | **96.73%** |
| Weighted average cost of fund | **4.34%** | **6.04%** |
| *Central Account* | | |
| Net Worth (Rs. in '000) | **9,691,588** | **9,280,493** |
| Net Worth (Value per share) | **142.40** | **143.18** |
| Earning Per Share (in Rs.) - Annualized | **19.55** | **19.2** |
| | | |

१. **वित्तीय विवरण :**
त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ।

२. **व्यवस्थापकीय विश्लेषण :**
कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ। कोषको मुख्य आम्दानीको रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवाशुल्क, व्याज आम्दानी तथा नगद लाभांश रहेको छ। कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ। लगानी विविधिकरणलाई कोषले प्राथमिकतामा राखेको छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण :**
(क) नागरिक लगानीकोषले सञ्चालन गरेको उपदान कोष तथा लगानी कर्ता हिसाब योजनाको रकमबाट सम्बन्धित संस्थाका अवकाश प्राप्त कर्मचारीहरूलाई योगदानमा आधारित नभएको अवकाश रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा उपदान तथा लगानी कर्ता हिसाब योजना बापत ५ प्रतिशत मात्र कर कट्टी गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई रिट दायर हुने गरेको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतबाट विभिन्न आदेश आइरहेको अवस्था विद्यमान छ।
(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला कर दाता कार्यलयबाट आ.व. २०७४।०७५ को संशोधित कर निर्धारण गर्दा कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकन गरेकोमा विभागबाट समेत ठूला कर दाता कार्यालयको निर्णयलाई सदर गरेको हुँदा मिति २०८२ असोज ०२ गते राजस्व न्याधिकरण काठमाडौँमा पुनरावेदन गरिएको छ।

४. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**
(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि. को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ। यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ।
(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार शेयर सङ्ख्या |
|---|---|---|---|---|
| १,८९९.९ | १,७५२ | १.७७४ | ५५ | ४,०९,१०८ |

५. **समस्या तथा चुनौती**
कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाबमिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई आकर्षक बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजीबजार तर्फको कारोबारमा प्रतिष्पर्धा, नेपाल वायु सेवा निगमलाई प्रवाह भएको कर्जा नियमित रूपमा असुली नभएको, कोषमा आवद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षाकोषमा जानुपर्ने अवस्था श्रृजना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन्। यसैगरी बजारमा अधिक तरलता रहेको कारणबाट मुद्दती निक्षेपको ब्याजदरमा आएको अत्याधिक गिरावटले कोषले सञ्चालन गरेका कार्यक्रम/योजनाको वित्तीय अवस्थामा पर्न गएको असर चुनौतीपूर्ण रहेको छ। यी चुनौतीहरू समाधानका लागि कोषले आफ्नो प्रयोगमा रहेको सफ्टवेरलाई नियमित रूपमा अद्यावधिक गरी सबै कार्यक्रममा लागू गर्ने, कोषका सेवाहरूलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउने, सहभागीहरूलाई आर्कषक प्रतिफल दिने गरी सुरक्षित रूपमा लगानी विविधिकरण गर्ने लगायतका रणनीति कोषले लिएको छ।

६. **संस्थागत सुशासन :**
कोषको शीर्ष निकायको रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ। कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणिकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रष्टि उपसमितिहरू गठन गरिएको छ। सहभागीहरू प्रति दृष्टि उत्तरदायी रहने गरेको छ। आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ। सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ। यस सम्बन्धमा सम्पादित कार्यहरूको प्रतिवेदन आवधिक रूपमा समिति समक्ष पेश गर्ने गरिएको छ। कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ। लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गर्ने गरिएको छ। सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गर्ने गरिएको छ।

७. **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।